# सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिको दरखास्त आव्हानसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति : २०८०।१०।२६ गते)

सुदूरपश्चिम विश्वविद्यालयको रिक्त हुने उपकुलपति पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिबाट मिति २०८०।१०।२५ मा स्वीकृत "सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८०" बमोजिम दरखास्त आव्हान गरिएको छ। इच्छुक तथा योग्य व्यक्तिले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको वेबसाइट : www.moest.gov.np तथा विश्वविद्यालय अनुदान आयोगको वेबसाइट : www.ugcnepal.edu.np मा यसै सूचनासँग रहेको कार्यविधिमा उल्लेखित कागजातसहित अनुसूचीमा रहेको दरखास्त ढाँचामा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १० (दश) दिनभित्र विश्वविद्यालय अनुदान आयोग, आयोगका अध्यक्षको सचिवालय, सानोठिमी, भक्तपुरमा कार्यालय समयमा दरखास्त पेश गर्न आव्हान गरिएको छ।